## वस्तुगत प्रश्नोत्तर

१. **नेपालमा भारतबाट पहिलो पटक निजी क्षेत्रको कार्गो रेल कहिले भित्रिएको हो ?**

✍ वि.सं. २०७८ भदौ ३०

- भारतलाई आधार बनाएर विभिन्न देशमा कार्गो रेल सेवा सञ्चालन गर्दै आएको हिन्द टर्मिनल्सको उक्त रेल वीरगञ्जको सिर्सियास्थित सुक्खा बन्दरगाहमा प्रवेश गरेको ।
- यसअघि भारत सरकारको स्वामित्व रहेका भारतीय रेलवे कम्पनी र कन्टेनर कर्पोरेसन लिमिटेड (कनकोर) ले मात्र नेपालमा कार्गो रेलसेवा उपलब्ध गराउँदै आएका ।
- नेपाल–भारतबीच गत असार २५ गते भएको रेल सेवा सम्झौताको व्यवस्थाअनुसार भारतबाट निजी क्षेत्रको कार्गो रेलले प्रवेश पाएको ।
- निजी क्षेत्रको समेत कार्गो रेल ढुवानी सेवाको सुरुवातले नेपालको व्यापार प्रक्रियामा थप सहजीकरण हुने विश्वास गरिएको ।

२. **मन्त्रिपरिषद्को २०७८ भदौ २९ को बैठकले भूमिसम्बन्धी समस्या समाधान आयोगको अध्यक्षमा कसलाई नियुक्त गऱ्यो ?**

✍ केशव निरौला

- आयोगको उपाध्यक्षमा नेमेन्द्रहादुर खड्कालाई नियुक्त गरिएको ।
- यसअघि देवी ज्ञवालीको नेतृत्वमा गठित आयोगलाई सरकारले २०७८ साउन १९ मा खारेज गर्ने निर्णय गरेको ।

३. **राष्ट्रपति तथा उपराष्ट्रपति बन्नका लागि न्यूनतम उमेर हदको प्रावधान कति रहेको छ ?**

✍ ४५ वर्ष (राष्ट्रपति र उपराष्ट्रपतिको पदावधि ५ वर्षको हुने ।)

४. **न्यायपरिषद् र न्यायसेवा आयोग कति सदस्यीय हुने संवैधानिक प्रावधान छ ?**

✍ ५/५ सदस्यीय

५. **नेपाल र मौरिससबीच श्रम सम्झौता कहिले भएको हो ?**

✍ सन् २०१९ जुन ११

- मौरिसस नेपालसँग श्रम सम्झौता गर्ने पहिलो अफ्रिकी राष्ट्र रहेको ।
- सम्झौता–पत्रमा नेपालको तर्फबाट गोकर्ण विष्ट र मौरिससको तर्फबाट सुदेश एस क्यालिर्चनले हस्ताक्षर गरेका ।
- हालसम्म नेपालसँग श्रम सम्झौता गर्ने राष्ट्रको सङ्ख्या ९ (कतार, बहराइन, युएई, मलेसिया, दक्षिण कोरिया, इजरायल, जापान, जोर्डन र मौरिसस) पुगेका ।

६. **विश्व बैङ्कद्वारा प्रकाशित 'डुइङ विजनेस रिपोर्ट–२०२० ' अनुसार उद्योग व्यवसाय सञ्चालनको सहजताको हिसाबले नेपाल कतिऔँ स्थानमा रहेको छ ?**

✍ ९४औँ

७. **विश्व बैङ्कले कहिलेदेखि 'डुइङ विजनेस रिपोर्ट' प्रकाशित नगर्ने भएको छ ?**

✍ सन् २०२१

- विश्वभरका प्रायः सबै देशको आर्थिक तथा व्यावसायिक सूचक समेटेर प्रकाशित गरिने उक्त प्रतिवेदनको विश्वसनीयतामाथि प्रश्न उठेपछि बैङ्कले प्रकाशन स्थगित गरेको ।
- खासगरी विश्व बैङ्कले सन् २०१८ र २०२० मा प्रकाशित गरेको डुइङ विजनेश प्रतिवेदनमा तथ्याङ्क तोडमोडको आरोप लागेको छ । सोही आरोपमाथि आन्तरिक अनुसन्धान गर्दै विश्व बैङ्कले अर्को प्रतिवेदन प्रकाशनमा रोक लगाउने निर्णय गरेको हो ।
- भविष्यमा व्यवसाय र लगानीको वातावरण पहिचान गर्न फरक किसिमले काम अगाडि बढाउने बैङ्कले स्पष्ट पारेको छ ।

८. **टेलिभिजन रियालिटी सो कमेडी च्याम्पियन–२ को उपाधि जित्ने प्रतिभा को हुन् ?**

✍ भरतमणि पौडेल (ताप्लेजुङ)

- पौडेलले उपाधिसहित कार र २५ लाख नगद प्राप्त गरेका ।
- सो प्रतियोगितामा भारतको सिक्किमका विक्की अग्रवाल फस्ट रनर्सअप तथा गोरखाका सन्तोष थापा सेकेन्ड रनर्सअप भएका ।

**प्रस्तुतकर्ता : टङ्क केसी**

## विषयगत प्रश्नोत्तर

# गरिबी बढ्नुका कारणहरू

१. **नेपालको सार्वजनिक सेवा प्रवाहमा सुधारका क्षेत्रहरू के के हुन् ? चर्चा गर्नुहोस् ।**

✍ सरकारले सर्वसाधारण जनतालाई उपलब्ध गराउने सेवा सुविधाहरू सार्वजनिक सेवाअन्तर्गत पर्छन् । नेपालमा सार्वजनिक सेवा प्रवाहलाई व्यवस्थित गर्न संवैधानिक, कानुनी एवं संस्थागत व्यवस्था गरिएको छ । मुलुकमा सेवा प्रवाहलाई थप प्रभावकारी बनाउन देशलाई सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्यमा रूपान्तरण गरी सात प्रदेश तथा तदअनुरूप जिल्लाहरूको व्यवस्था गरिएको छ, र पनि नेपालको सार्वजनिक सेवा प्रवाह परम्परागत छ, आधुनिक हुन सकेको छैन । यसमा व्यापक सुधारको आवश्यकता छ, सुधारका क्षेत्रलाई निम्नअनुसार चर्चा गर्न सकिन्छ :

- **ऐन, नियम, निर्देशिकामा सुधार :**
  - ऐन, नियम, कानुनलाई समसामयिक बनाउने, सेवा प्रवाहसँग सम्बन्धित कानुनलाई एकीकृत गर्ने, यसको पूर्ण कार्यान्वयन गर्ने गराउने, सरकारी तहबाट हुने नियमन, प्रवर्द्धन एवं सहजीकरण कार्यलाई थप प्रभावकारी बनाउने, तीन तहका सरकारबीच समन्वयात्मक रूपमा कानुन निर्माण गर्ने, साझा अधिकारका विषयमा सङ्घले प्रष्ट कानुन तथा नीति निर्माण गर्ने ।
- **संस्थागत संरचनामा सुधार :**
  - सङ्घ, प्रदेश र स्थानीय तहका सबै संस्थागत संयन्त्रलाई छिटो छरितो र समन्वयात्मक बनाउने, सेवा प्रवाहमा एकद्वार प्रणाली अवलम्बन गर्ने, नेतृत्व क्षमता, निर्णय क्षमता एवं इमानदारिताको आधारमा जिम्मेवारी दिई सरुवा तथा बढुवा प्रणालीलाई पारदर्शी बनाउने, कार्यालयमा सेवा प्रवाह तथा सूचना प्रवाह स्वतःस्फूर्त रूपमा स्वचालित हुने संरचना र प्रणाली स्थापना गर्ने, तीन तहका सरकारमा सदाचार प्रणाली संस्थागत गर्ने, जनमुखी संरचना तयार गर्ने ।
- **आधुनिक प्रविधिको प्रयोग तथा विस्तार :**
  - सेवा प्रवाहको कार्यमा आधुनिक प्रविधिको उच्चतम उपयोग गर्ने, प्रविधिको प्रयोगमा विस्तार गर्ने, कार्यालयलाई पूर्ण प्रविधिमैत्री बनाएर अनलाइन सेवा प्रदान गर्ने, पेपरलेस र फेसलेस अफिसको अवधारणा लागू गर्ने, दुर्गम स्थानमा घुम्ती सेवालाई प्रभावकारी बनाउने ।
- **सेवा प्रवाह गर्ने कर्मचारीलाई प्रोत्साहन :**
  - कर्मचारीको तलब सुविधा समसामयिक बनाउने, नियमित तालिमको व्यवस्था गर्ने, कामका आधारमा पुरस्कार र दण्ड प्रणाली लागू गर्ने ।
- **समन्वय एवं सहकार्यमा जोड :**
  - तहगत सरकार, निजी क्षेत्र, सहकारी क्षेत्र, गैरसरकारी क्षेत्र, नागरिक समाज, मिडिया एवं सेवाग्राही जनताबीच कार्यगत समन्वय कायम गर्ने, यी क्षेत्रको कार्यमा सहजीकरण गर्दै सहकार्यमा जोड दिने ।
- **आचरणमा सुधार :**
  - विकासमुखी संस्कारको विकास गर्ने, तटस्थ, प्रतिबद्ध एवं व्यावसायिक प्रशासनिक संयन्त्रको निर्माण गर्ने, प्रतिस्पर्धी निजी क्षेत्र एवं सहयोगी नागरिक समाजको विकास गर्ने ।
  - **पारदर्शिता** : उपलब्ध स्रोत साधनको कुशल परिचालन गर्ने, मितव्ययिता, पारदर्शिता एवं जवाफदेहिता कायम गर्ने,
  - **सशक्त अनुगमन** : अनुगमन तथा मूल्याङ्कन प्रणालीलाई सशक्त बनाउने, सूचकका आधारमा नियमित समन्वयात्मक अनुगमन गर्ने ।

२. **नेपालमा गरिबी बढ्नुका कारणहरू के के हुन् ? उल्लेख गर्नुहोस् ।**

✍ आर्थिक एवं सामाजिक पछौटेपन गरिबी हो । नेपालमा हाल १८.७ प्रतिशत जनता गरिबीको रेखामुनि रहेको आर्थिक तथ्याङ्कले देखाएको छ । नेपालमा गरिबी बढ्नुमा आर्थिक, सामाजिक, राजनीतिक, भौगोलिक, प्रशासनिक, सांस्कृतिकलगायत थुप्रै बहुआयामिक कारण जिम्मेवार छन्, जसलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ :

- राजनीति अस्थिर हुनु, गरिबी निवारणका नीति एवं कार्यक्रममा निरन्तरताको कमी हुनु,
- आर्थिक वृद्धिदर उच्च, दिगो, फराकिलो, न्यायिक एवं समावेशी हुन नसक्नु,
- आधारभूत आवश्यकताका वस्तुमा मूल्यवृद्धि उच्च हुनु,
- उद्योग, पर्यटन, कृषिजस्ता रोजगारीका प्रमुख क्षेत्रको विकास नहुनु,
- व्यक्तिको आय आर्जन गर्ने क्षमता कमजोर हुनु,
- आर्थिक उपलब्धिको न्यायोचित वितरण हुन नसक्नु,
- सामाजिक विभेद कायम हुनु,
- शिक्षा, स्वास्थ्य सर्वसुलभ तथा गुणस्तरीय नहुनु,
- भूमिको न्यायोचित वितरण नहुनु,
- भौतिक पूर्वाधार विकास नहुनु,
- भौगोलिक विकटता, यातायातको अभाव आदिले उत्पादन लागत बढ्नु,
- वास्तविक गरिब पहिचान हुन नसक्नु,
- गरिब लक्षित कार्यक्रम सञ्चालन हुन नसक्नु,
- गरिबी निवारणका कार्यक्रम तर्जुमा र कार्यान्वयनमा सरकारी निकायबीच कार्यगत समन्वयको कमी हुनु,
- व्यक्तिमा उद्यमशीलताको अभाव हुनु ।

**प्रस्तुतकर्ता : हेमचन्द्र शर्मा**

## प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्

## परीक्षा नियन्त्रण कार्यालय, सानोठिमी, भक्तपुरको

### विशेष प्राविधिक शिक्षा छात्रवृत्ति कार्यक्रम वार्षिक परीक्षा प्रणाली अन्तर्गतका डिप्लोमा/प्रवीणता प्रमाणपत्र तहको नियमित/आंशिक तथा डेन्टल कन्भर्जन कार्यक्रमको आंशिक परीक्षा तालिका सम्बन्धी अत्यन्त जरुरी सूचना

**(सूचना प्रकाशित मिति : २०७८।०६।०६ गते)**

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद, परीक्षा नियन्त्रण कार्यालय, सानोठिमी, भक्तपुरद्वारा मिति २०७८।०५।११ र २०७८।०५।३१ गते प्रकाशित परीक्षा आवेदन फाराम भर्ने बारेको अत्यन्त जरुरी सूचना बमोजिम यस परिषद्का आंगिक, साझेदारी, सामुदायिक विद्यालय र निजी स्तरका शिक्षण संस्थाहरूमा सञ्चालित **विशेष प्राविधिक शिक्षा छात्रवृत्ति कार्यक्रम** (भूकम्प प्रभावित र दलित, मुसलमान तथा लोपोन्मुख जाति) डिप्लोमा तथा प्रमाणपत्र तह नर्सिङ, सामान्य चिकित्सा, फार्मेसी, फिजियोथेरापी, कृषि (बाली विज्ञान/पशु विज्ञान) र फरेस्ट्री कार्यक्रमहरूको प्रथम वर्ष, दोस्रो वर्ष र तेस्रो वर्षको **नियमित/आंशिक तथा डेन्टल कन्भर्जन कार्यक्रमको आंशिक** परीक्षा नेपाल सरकारले तोकिएको भौतिक दूरी र स्वास्थ्य सम्बन्धी मापदण्ड पालना गर्ने गरी तपसिलमा उल्लेख भएको परीक्षा तालिका अनुसार **सम्बन्धित शैक्षिक संस्थामा** सञ्चालन हुने व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**परीक्षा समय : बिहान ८:०० बजेदेखि**

**Third Year**

| S.N. | Date | General Medicine [2010/2016] | PCL Nursing [2013] | Pharmacy [2014] | Physiotherapy [2010] | Agriculture [Animal Science 2014] | Agriculture [Plant Science 2014] |
|---|---|---|---|---|---|---|---|
| 1. | 2078-07-26 | Medicine-II (N), Medicine-II (O) | Midwifery & Gyn. Nursing-I | Pharmaceutics II | Physiotherapy in Clinical Condition I | Commercial Dairy Farming | Commercial Vegetable Production |
| 2. | 2078-07-29 | Health Management (N) Health Management (O) | Midwifery & Gyn. Nursing-II | Pharmacology & Therapeutics II | Physiotherapy in Clinical Condition II | Animal Heath II | Medicinal & Non Timber Forest Product |
| 3. | 2078-08-02 | Surgery- II (N), Surgery- II (O) | Midwifery & Gyn. Nursing-III | Pharmaceutical Chemistry II | Rehabilitation Medicine | Dairy & animal product technology | Crop Production |
| 4. | 2078-08-05 | Epidemiology & Community Diagnosis (N) | Leadership & Management | Hospital & Clinical Pharmacy | Health Care Management | Poultry Entrepreneurship | Plant breeding and seed Production Technology |
| 5. | 2078-08-08 | | Nepal Parichaya | Social Pharmacy & Pharmaceutical Jurisprudence | | Veterinary Lab. Techniques | Industrial Entomology & cultivation |
| 6. | 2078-08-11 | | | Pharmaco epidemiology & Environmental Health | | Animal Breeding & artificial insemination | Ornamental Horticulture and nursery management |
| 7. | 2078-08-14 | | | | | Equine, rabbit & pet animals | Fruits and plantation Crops |

**Second Year**

| S.N. | Date | General Medicine [2010/2016] | Pharmacy [2014] | Physiotherapy [2010] | PCL Nursing [2013/2018] | Dental Conversion (2016) | Agriculture [Animal Science 2014] | Agriculture [Plant Science 2014] |
|---|---|---|---|---|---|---|---|---|
| 1. | 2078-07-27 | Environmental Health (N) Environmental Health (O) | Pharmaceutics-I | Bio-Mechanics | Medical & surgical Nursing I (N+O) | Basic Dental Science | Extension and Community Development | Extension and Community Development |
| 2. | 2078-07-30 | Clinical Pathology (N) Clinical Pathology (O) | Pharmacology & Pharmacotherapeutics-I | Applied Anatomy & physiology | Medical & surgical Nursing II (N+O) | Dental Materials, Instruments & Assisting | Agribusiness Management and Cooperative | Agribusiness Management and Cooperative |
| 3. | 2078-08-03 | Obstetrics &Gynecology (N) Obstetrics &Gynecology (O) | Pharmaceutical Chemistry-I | Therapeutics Exercise | Geriatric Nursing (N+O) | Basic Periodontology | Aquaculture and Fisheries | Aquaculture and Fisheries |
| 4. | 2078-08-06 | Health Education (N+O) | Pharmacognosy | Electrotherapy | Community Health Nursing II (N+O) | Community Dentistry | Introductory Plant Science | Introductory Animal Husbandry |
| 5. | 2078-08-09 | Pharmacology & Pharmacy (N) Pharmacology & Pharmacy (O) | Biochemistry & Microbiology | Medicine & Surgery | Behavioral Science (O) Behavioral Science & Mental Health Nursing (N) | Basic Medical Procedures & Pharmacology | Animal Nutrition & Fodder production | Principles and Practices of Agronomy |
| 6. | 2078-08-12 | PHC/Family Health (N) PHC/Family Health (O) | Pharmaceutical Management | Psychology | Nursing Care of Children (O) | Food & Nutrition | Animal Housing & Environmental Science | Plant Protection |
| 7. | 2078-08-15 | Medicine-I (N), Medicine-I (O) | Health Education, Health Care System | Pharmacology & Pathology | Mental Health/Psychiatric Nursing (O) | Health Office Management | Animal Health I | Soil Management, Conservation & Environmental Science |
| 8. | 2078-08-17 | Surgery-I (N), Surgery-I (O) | Pathophysiology | Community Rehabilitation | Nepali (O) | Dental Public Health & Jurisprudence | Sheep, Goat & Swine Production | Post-Harvest Technology |
| 9. | 2078-08-19 | Basic Medical Procedures/First Aid (N) Basic Medical Procedures/First Aid (O) | | | Social Science (N) | | Statistics & Computer Application | Statistics & Computer Application |
| 10. | 2078-08-21 | Epidemiology & Community Diagnosis(O) | | | | | | |

**First Year**

| S.N. | Date | Health ALL/Including Dental Conversion (2004/2016), | PCL Nursing [2013/2018] | Agriculture (Plant/Animal Science) [2014] | Forestry [2019] |
|---|---|---|---|---|---|
| 1. | 2078-07-28 | English (New), English (Old) | Fundamental of Nursing (New), Fundamental of Nursing (Old) | Mathematics | Nepali |
| 2. | 2078-08-01 | Nepali (New), Nepali (Old) | Community Health Nursing I (New), Community Health Nursing I (Old) | Physics | Physics |
| 3. | 2078-08-04 | Social Studies (New), Social Studies (Old) | Anatomy and Physiology (New), Anatomy and Physiology (Old) | Chemistry | Chemistry |
| 4. | 2078-08-07 | Anatomy & Physiology (New), Anatomy & Physiology (Old) | Basic Science Applied to Nursing (New), Basic Science Applied to Nursing (Old) | English | English |
| 5. | 2078-08-10 | Physics (New), Physics (Old) | English (New), English (Old) | Zoology | Zoology |
| 6. | 2078-08-13 | Chemistry (New), Chemistry (Old) | Nepali (New) | Botany | Botany |
| 7. | 2078-08-16 | Zoology (New), Zoology (Old) | | Nepali | Mathematics & Statistics |
| 8. | 2078-08-18 | Botany (New), Botany (Old) | | | Social Studies |
| 9. | 2078-08-20 | Mathematics, Statistics & Computer Application (Old), Mathematics and statistics (New) | | | Computer Application |

**नोट :**

१. उपरोक्त कार्यक्रम अनुसार परीक्षामा अनुपस्थित हुने र कुनै पनि कारणले परीक्षा छाड्ने परीक्षार्थीहरूका लागि पुनः अर्को व्यवस्था गरिनेछैन ।
२. सैद्धान्तिक परीक्षा समाप्त भएपछि सम्बन्धित संस्थाहरूमा नै प्रयोगात्मक परीक्षा सञ्चालन हुने भएकोले सम्बन्धित शिक्षण संस्थाले उक्त प्रयोगात्मक परीक्षाको परीक्षा तालिका तयार गरी सम्बन्धित प्रदेश कार्यालयबाट स्वीकृत गराई सञ्चालन गर्नुपर्नेछ ।
३. परीक्षा हलमा Log book/Psychometric chart निरीक्षकसँग अनुमति लिएर मात्र लैजान पाइनेछ ।
४. परिषद्को पूर्व सूचना बिना कुनै अप्रत्याशित बिदा पर्न आएमा पनि परीक्षा स्थगित गरिनेछैन ।
५. सम्बन्धित शैक्षिक संस्थाको परीक्षा केन्द्रबाट मात्र परीक्षा दिनुपर्नेछ । परीक्षा केन्द्र परिवर्तन गर्न पाइनेछैन ।
६. यदि परीक्षा जुध्न वा छुट्न गएमा सूचना प्रकाशित भाएको मितिले ७ दिनभित्र परीक्षा नियन्त्रण कार्यालयमा सम्पर्क राख्नुपर्नेछ ।
७. परीक्षा केन्द्रमा नेपाल सरकारले तोकिएको स्वास्थ्य सम्बन्धी मापदण्ड पूर्ण रूपमा पालना गर्नुपर्नेछ ।
८. नेपाल सरकारले तोकेको कोभिड–१९ सम्बन्धी जनस्वास्थ्यका मापदण्ड पूर्णतः पालना गरी परीक्षा सञ्चालन गर्ने/गराउने ।
९. परीक्षा सम्बन्धित DCMC को समन्वयमा सञ्चालन गर्ने ।
१०. परीक्षा केन्द्रमा कम्तीमा २ मिटरको दूरी कायम गरी Z आकारमा परीक्षार्थीहरू राख्ने गरी सिट प्लान गर्ने ।
११. परीक्षा केन्द्रमा परीक्षा सञ्चालन समयभन्दा कम्तीमा १ घन्टा अगाडि परीक्षार्थीहरू प्रवेश गराई लाइनमा हुनसक्ने भींड न्यूनीकरण गर्ने ।
१२. Case Investigation and Contact Tracing (CICT) को सहजताका लागि प्रत्येक परीक्षार्थीलाई पहिलो दिनको परीक्षा सुरु हुन अगाडि CICT फाराम भर्न लागाई सङ्कलित फाराम सम्बन्धित DCMC लाई उपलब्ध गराउने ।
१३. कोभिड–१९ सङ्क्रमित परीक्षार्थीको हकमा अरू सामान्य परीक्षार्थीहरूको परीक्षा सुरु भएको ३० मिनेट पछि मात्र प्रवेश गराई अरूको परीक्षा सकिएको ३० मिनेट पछि परीक्षाबाट निस्कने व्यवस्था मिलाउने यस्ता परीक्षार्थीहरूलाई बेग्लै कोठा तथा बेग्लै शौचालयको व्यवस्थापन गर्ने । सङ्क्रमित परीक्षार्थीहरूले प्रयोग गरेको सामग्री सम्बन्धित स्वास्थ्य कार्यालयको समन्वयमा अत्यन्त सावधानीका साथ सङ्कलन व्यवस्था गर्ने ।
१४. परीक्षा सञ्चालनमा संलग्न प्राचार्य, शिक्षक, कर्मचारी तथा सम्भव भएसम्म विद्यार्थीहरूको खोपको निम्ति सम्बन्धित DCMC सँग समन्वय गरी खोप लगाउने व्यवस्था गर्नु उपयुक्त हुने ।

**यो परीक्षा तालिका www.ctevtexam.org.np मा पनि हेर्न सकिनेछ ।**

**परीक्षा नियन्त्रक**

QUESTION BANK NEPAL